जिल्ला प्रशासन कार्यालय, काठमाडौं

<u>इजलाश</u>

प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

# फैसला

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.४७/७५ (हातहतियार)

दर्ता मिति :– २०७१/०३/१२

मुद्दा :– हातहतियार खरखजाना ।

निर्णय नं.३८९५ , मिति :– २०७२/०३/२३

| वादी | प्रतिवादी |
|---|---|
| प्रहरी प्रतिवेदनले **नेपाल सरकार**...१<br>निजको प्रमाण:..×.. | कमलप्रसाद कडरियाको छोरा जिल्ला रामेछाप, खिम्ती गा.वि.स.वडा नं.१ घर भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा.वडा नं.३४ भिमसेनगोला बस्ने वर्ष १८ को **सुशिल कडरीया** .......... १<br>तेजबहादुर कार्कीको छोरा जिल्ला रामेछाप, सुनारपानी गा.वि.स.वडा नं.६ भ्याउरे घर भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा.वडा नं.३५ कोटेश्वर बस्ने वर्ष २२ को **बिमल कार्की**..................... १<br>मानबहादुर तामाङ्गको छोरा जिल्ला नुवाकोट, दानसिंह गा.वि.स.वडा नं. ९ घर भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा.वडा नं.३४ कात्यानीचोक बस्ने वर्ष १७ को **मून तामाङ्ग**.................१<br>कुमरजंग पण्डितको छोरा काठमाण्डौ जिल्ला, का.म.न.पा.वडा नं.३ बस्ने वर्ष २९ को **देवजंग पण्डित**........................................१<br>निजहरुको प्रमाण<br>साक्षी : ओमकुमार थापा, सुदिप दाहाल, सुरज श्रेष्ठ, अर्जुन खड्का<br>कागज ...×.... |

यस कार्यालयबाट बुझेको प्रमाण...×....

**सम्वद्ध कानुनः** १) हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२), २०(२) र १६

२) प्रमाण ऐन, २०३१ को दफा ९

**अवलम्वित नजिर** : ने.का.प. २०६५, अंक-३, पृ.३२६ र ने.का.प. २०६६, श्रावण, पृ.५४९

## tYo v08

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले प्रमुख जिल्ला अधिकारीको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :–**

१. मिति २०७१।०२।२० गते राती अं.२२:०० वजेको समयमा काठमाण्डौ जिल्ला, का.म.न.पा.वडा नं. ३५ पेप्सीकोला स्थित मूल सडकमा सुशिल कडरीयाले चलाएको बा.५३प. ५४२६ नं.को मोटरसाईकल रोकी चेकजाँच गर्दा निज सुसिल कडरीयाले पिठ्यूँमा बोकेको झोलाबाट Only for Army Supply लेखिएको पेस्तोल थान-१, ऐ.को म्याग्जिन थान-१, च्यासिस नं.MD2A36FZ8CCG25329, ईन्जिन नं.JLZCCG25491 भएको बा.५३प.५४२६ नं.को मोटरसाईकल थान-१, निजले लगाएको पाईन्टको बाँया गोजीबाट ९८४३६९५५३६ नं.को सिम प्रयोग भएको LG कम्पनीको मोवाईल सेट थान-१, सोही मोटरसाईकल पछाडि सवार बिमल कार्कीको साथबाट निलो कालो रङ्गको माईक्रो मैक्स मोवाईल थान-१, D5130 Bluetooth लेखिएको मोवाईल सेट थान-१ र निजको पछाडी पकेटबाट केही नभएको कालो पर्स थान-१ समेत वरामद भएको हुदा निजहरुलाई पक्राउ गरी दाखिला गरेका छौं भन्ने समेत व्यहोराको स.प्र.नि.नारायण सिंह ऐरी समेतको प्रतिवेदन सहितको खानतलासी वरामदी मुचुल्का ।

२. मिति २०७१।०२।२०गते राती यस गणका स.प्र.नि. नारायण सिंह ऐरीको कमाण्डमा खटिएको मोवाईल टोली र महानगरीय प्रहरी वृत्त, बानेश्वरबाट खटिएको संयुक्त गस्ति टोलीले का.म.पा.३५ पेप्सीकोला स्थित सडकमा सुसिल कडरीयाले चलाएको बा.५३प.५४२६ नं.को मोटरसाईकल चेकजाँच गर्दा निजले बोकेको झोलाबाट Only for Army Supply लेखिएको पेस्तोल थान-१, ऐ.को म्याग्जिन थान-१ समेत वरामद भएको हुदा वरामद हतियार तथा सामान सहित आवश्यक कारवाहीको लागी पठाईएको भन्ने समेत व्यहोराको सशस्त्र प्रहरी बल, विपद उद्धार उपत्यका गण, सिनामंगलको पत्र ।

३. एलिस खडका, मून लामा, विक्रम बस्नेत संगै पक्राउ परेको बिमल कार्की र म साथी हौ, एलिस खडकाको माध्यमबाट हरिश भन्ने व्यक्ति सित भेटघाट भई चिनजान भएको थियो, हरिशसँग भेट भएको १ हप्ता पछि हरिशले मलाई बोलाई खासाबाट सुन आउदैछ, लुट्नु पर्छ, पैसा आउँछ, ४ जना जति लुट्न सक्ने केटाहरु खोजी गर भनेपछि मैले लुट्न म जान्न, केटाहरु खोजी दिन्छु भनी त्याहाँबाट फर्कि आएँ, साथीहरुमध्येका मून तामाङ्ग र बिमल कार्कीलाई सोही कुरा बताएँ, बिमल कार्कीले प्रताप भन्नेसँग घोडा (हतियार) छ, लिनलाई बोलाएको छ, हामी दुबै जनाबीच सल्लाह भई बा.५३प.५४२६ नं.को मोटरसाईकल मैले चलाई बिमल कार्की पछाडी बसी काँडाघारीतर्फ गयौं,

म बाहिर बसें, बिमल कार्की भित्र गयो, झोलामा हतियार लिई आयो, मैले हतियार सहितको झोला पिठ्यूँमा बोकी मोटरसाईकल चलाई हरिश भन्नेलाई पुऱ्याउन मिति २०७१।०२।२० गते बेलुका पख जादै गरेको बखत का.म.न.पा.वडा नं.३५ पेप्सीकोला स्थित सशस्त्र प्रहरी समेतको चेकिङ्ग टोलीले नियंत्रणमा लिई चेकजाँच गरी मैले बोकेको झोलाबाट हतियार वरामद गरी पक्राउ गरेका हुन्, वरामद हतियार खासाबाट आउने सुन लुट्ने उदेश्यले ल्याएका हौं, यस भन्दा पहिला अन्य कुनै ठाउँमा लुटपाट गरेको छैन, गोलीको बारेमा प्रताप भन्नेलाई नै थाह होला, वारदातामा प्रयोग भएको बा.५३प.५४२६ नं.को मोटरसाईकल मेरो वुवाले संचालन गरेको खिम्ती शिवालय कन्ट्रक्सनको नाममा छ, उक्त मो.सा.प्रयोग गरी अन्य कही कतै हतियार ओसार पसार गरेको छैन भन्ने समेत व्यहोराको प्रतिवादी सुसिल कडरीयाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

४. सुसिल कडरीया मेरो साथी हुन्, पक्राउ पर्नु भन्दा १ हप्ता अगाडी सुसिल कडरीया र म कोटेश्वरमा भेट भई कुरा हुँदा चाईनाबाट सुन आउँछ, अरु साथीहरुलाई पनि भनिसकेको छु, हामीले सल्लाह योजना मिलाई त्यो सुन लुट्नु पर्छ, त्यसको लागी एउटा घोडा (पेस्तोल) चाहियो, जे जसरी हुन्छ, मिलाउनु भन्ने कुरा गरेको हुँदा मैले चिनेको प्रताप दाईले तिमीलाई केही परेमा मलाई भन्नु भनेका कारण मिति २०७१।०२।२० गते बिहान निज प्रताप दाईसँग सम्पर्क गरी एउटा हतियार मिलाई दिनु पऱ्यो भनेको थिएँ, निजले बेलुका तिर सम्पर्क गर्नु भनेकाले बेलुका पख काँडाघारी फोर्स पार्क नजिकै भेटी प्रताप दाईले मलाई १ थान पेस्तोल दिए, त्यो पेस्तोल दिने क्रममा साथी सुसिल कडरीया पनि संगै गएका हुन्, मेरो हातमा परेको पेस्तोल साथी सुसिल कडरीयालाई दिएँ, हामी दुबै जना बा.५३प.५४२६ नं.को बाईक चढी पेप्सीकोला आई सुसिल कडरीयाले पेस्तोल अर्को साथीलाई पुऱ्याउन जाने क्रममा प्रहरीले पक्राउ गरी पेस्तोल वरामद गरेको हो, वरामद पेस्तोल प्रताप दाईबाट लिएको हुँ, निजले के कहाँबाट के कसरी ल्याए थाह भएन, पेस्तोल खासाबाट आउने सुन लुट्ने उद्देश्यले नै व्यवस्था गरेका हौं, पेस्तोल मात्रै व्यवस्था भयो, गोली व्यवस्था हुन सकेन, हतियार प्रयोग गरी कही कतै संलग्न भएको छैन, अरुको बारेमा खुलाउन सक्दिन भन्ने समेत व्यहोराको प्रतिवादी बिमल कार्कीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

५. प्रहरी प्रतिवेदनको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सुसिल कडरीया समेत भएको हातहतियार खर-खजाना मुद्धामा वारदात् पश्चात फरार रहेका जिल्ला नुवाकोट थानसिंह गा.वि.स.वडा नं.९ घर भई हाल का.म.पा. वडा नं. ३४ कात्यानी चोक बस्ने वर्ष १७ को मुन लामा (तामाङ्ग)लाई मिति २०७१।०२।३० गते फेला पारी पक्राउ गरी दाखिला गरेको भन्ने व्यहोराको प्रहरी प्रतिवेदन ।

६. मिति २०७१।०२।२० गते राती अं.२२:०० बजेको समयमा काठमाण्डौ जिल्ला, का.म.न.पा.वडा नं.३४ कात्यानी चोक स्थित आफनै कोठामा सुतिरहेको थिएँ, सुसिल कडरीया र बिमल कार्की साथी हुन्, निजहरु पक्राउ पर्नु भन्दा १ हप्ता अगाडी खासाबाट सुन लिई आउने व्यक्तिलाई लुट्नु पर्छ, धेरै पैसा आउँछ, हतियारको व्यवस्था मिलाउनु पऱ्यो भनी सुसिल कडरीयाले मलाई भनेको थियो, मैले हुन्छ तर मसँग हतियार छैन, यस बारेमा अन्य को कसलाई थाह छ त भनी सोध्दा हरिश, बिमल कार्की, तिमी र म वाहेक अन्य कसैलाई भनेको छैन, कुरा गोप्य राख्नु पर्छ, हामी चारै जना भई लुट्नु पर्छ भनि सुसिल कडरीयाले भन्यो, मैले हुन्छ भनि त्यहाँबाट हतियार व्यवस्था गर्न तिर लाग्यौं, मिति २०७१।०२।२० गते राती अं.२०:३० अथवा २१:०० वजे तिर सुसिल कडरीयाले मलाई फोन गरी म र बिमल कार्की हतियार लिन जादैछौं, हतियार हरिशसँग छ भनी भनेको थियो,

म अहिले आउन सक्दिन, कोठामा आईसकें, भोली विहान भेटौंला भनी फोन राखें, सोही राती अं.२२:०० वजे तिर का.म.पा.३५ पेप्सीकोला स्थित प्रहरीको चेकिङ्गमा हतियार सहित बिमल कार्की र सुसिल कडरीया पक्राउ परेको कुरा थाह पाएँ, म पनि पक्राउ पर्ने डरले बाँच्नलाई भागी हिंडेको थिएँ, मिति २०७१।०२।३० गतेका दिन म पनि पक्राउ परेको हुँ, हतियार लिन म गएको थिएन, सुन लुट्ने योजना सल्लाह बिमल कार्की, सुसिल कडरीया र म मात्रै थियौ, हरिश भन्ने व्यक्तिलाई मैले चिन्दिन, निजको हुलिया समेत खुलाउन सक्दिन, यस योजनामा हामी तीन जना बाहेक अन्य को कसको योजना सल्लाह संलग्नता थियो सुसिल कडरीयालाई नै थाह होला भन्ने समेत व्यहोराको प्रतिवादी मुन तामाङ्गले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

७. The article No.1 is a local made (Home Made) pistol through which 7.65mm callibre pistol cartridges can be fired . Its action mechanism is in working order. Its barrel showed sign of discharge (fire) on chemical examination of fouling material found inside the barrel, however, the date and time of firing can not be ascertained with scientific accuracy भन्ने व्यहोराको हतियार परीक्षण प्रतिवेदन ।

८. मिति २०७१।०२।२० गते राती म आफनो घर तर्फ जादै गरेको थिएँ, सोही राती का.म.पा.३५ पेप्सीकोला स्थित सडकमा प्रहरीले चेकजाँच गर्दा बा.५३प.५४२६ नं.को मो.सा.चढी आएका सुसिल कडरीया र बिमल कार्कीको साथबाट अवैध हतियार पेस्तोल फेला परेको मैले देखेको हो, निजहरु दुबै जनाले देवजंग पण्डित, प्रताप राणा, मून तामाङ्ग (लामा) समेतको योजना सल्लाह र संलग्नतामा सो हतियार ल्याएको भन्ने कुरा मैले पछि थाह पाएको हुँ, अवैध हतियार राख्ने, ओसार पसार कारोवार गर्ने माथि कारवाही होस् भनी उद्धव बहादुर खड्का समेतले करीब एकै मिलान एकै व्यहोराले गरी दिएको वस्तुस्थिती सर्जमिन मुचुल्का कागजको व्यहोरा ।

९. प्रहरी प्रतिवेदनको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी बिमल कार्की समेत भएको हात हतियार खर-खजाना मुद्धामा वारदातामा संलग्न रही फरार रहेका यकिन नामथर वतन नखुलेको प्रतिवादी प्रताप भनेर चिनिने प्रताप राणा, हरिश भन्ने व्यक्ति, एलिस खड्का र विक्रम बस्नेतको खोजी गर्दा फेला नपरेको भन्ने व्यहोराको प्रहरी प्रतिवेदन ।

१०. मिसिल संलग्न खानतलासी वरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, प्रतिवादी सुशिल कडरिया, बिमल कार्की र मुन तामाङको वयान, हतियार परीक्षण प्रतिवेदन समेतका मिसिल संलग्न कागजातहरुको आधारबाट मिति २०७०।२।२० गते अन्दाजी २२:०० बजेको समयमा काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. ३५ स्थित सडकमा सुशील कडरियाले चलाई ल्याएको मोटरसाइकल रोकी चेकजाँचको क्रममा निजले बोकेको झोलाबाट अवैध पेस्तोल एक थान, म्यागेजिन एक थान सहित पछाडि सवार बिमल कार्की समेतलाई पक्राउ गरेको वारदातमा एलिस खड्का, मुन लामा, विक्रम बस्नेत समेत भई खासाबाट आउने सुन लुट्नु पर्छ भनी सल्लाह गरी हतियार खोज्न मुन तामाङ र बिमल कार्कीलाई पठाएकोमा प्रताप भन्ने व्यक्तिसँग वरामद हातहतियार किनी हरिश भन्ने व्यक्तिलाई पुऱ्याउने गएको अवस्थामा घटनास्थलमा प्रहरीले पक्राउ गरी वरामद गरेको हो भन्ने समेत व्यहोराको प्रतिवादीहरु सुशिल कडरिया, बिमल कार्की, मुन लामा समेतले वयान गरेको देखिन्छ । प्रतिवादीहरुले अवैध हातहतियार बोकी हिडेको अवस्थामा घटनास्थलमा प्रहरीले चेकजाँचको क्रममा पेस्तोल र म्यागिजन समेत वरामद गरी पक्राउ गरेको हो भन्ने समेत व्यहोराको बुझिएका उद्धव बहादुर खड्का समेतका मानिसहरुले कागज गरेको देखिएको समेतको आधारबाट

प्रतिवादीहरु सुशिल कडरिया, बिमल कार्की, मुन लामा र देवजंग पण्डित समेत भई अवैध हातहतियार खरिद गरी प्रतिवादीहरु सुशिल कडरिया र बिमल कार्की समेत भई अवैध हातहतियार ओसार पसार गरी प्रतिवादीहरु सुशिल कडरिया, बिमल कार्की, मुन लामा, देवजंग पण्डित समेतले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) वमोजिमको कसुर गरेकोले निज प्रतिवादीहरुलाई सोही ऐनको दफा २०(२) वमोजिम सजाँय गरी वरामद पेस्तोल तथा म्याग्जिन सोही ऐनको दफा १६ वमोजिम जफत गरी पाँउ भन्ने व्यहोराको अभियोग माग दावी ।

११. वरामदी मुचुल्कामा भएको सहीछाप र अनुसन्धान अधिकारी समक्ष गरेको वयान समेत प्रहरीले कुटपिट डर धम्की दिई आफु खुसी लेखिएको कागजमा जवरजस्ती गराएको हो सही मेरो भए पनि व्यहोरा मेरो होइन । उक्त मुचुल्कामा उल्लेखित सुशिल कडरिया, मुन तामाङ र प्रताप भन्ने व्यक्तिहरुलाई म चिन्दिन । उक्त मोटरसाइकलमा म सवार समेत थिइन । अतयव उक्त वरामदी मुचुल्काको व्यहोरा झुट्ठा हो । हतियारको विषयमा मलाई कुनै जानकारी र थाह छैन भन्ने समेत व्यहोराको प्रतिवादी बिमल कार्कीले यस कार्यालयमा गरेको वयान ।

१२. वरामदी मुचुल्कामा भएको सहीछाप र अनुसन्धान अधिकारी समक्ष गरेको वयान समेत प्रहरीले कुटपिट डर धम्की दिई आफु खुसी लेखिएको कागजमा जवरजस्ती गराएको हो सही मेरो भए पनि व्यहोरा मेरो होइन । म बाट कुनै पेस्तोल र म्याग्जिन वरामद भएको छैन । हरिश भन्ने व्यक्तिले मेरो कोठामा कालो रंगको झोला राखेका थिए । प्रहरी आई उक्त झोला र मलाई समेत कोठाबाट नै पक्राउ गरी लगेको हो । मलाई पक्राउ गरी लगे पछि सोही दिन मेरो घर बाहिर रहेको मोटरसाइकल समेत प्रहरीले लिई गएको हो । प्रतिवादी बिमल कार्की र मुन तामाङलाई मैले यस अगाडि चिन्दिन । पक्राउ परी आएपछि मात्र चिनजान भएको हो । निजहरुसँग मेरो कुनै रिसइवी नाता-सम्वन्ध छैन भन्ने समेत व्यहोराको प्रतिवादी सुशिल कडरियाले यस कार्यालयमा गरेको वयान ।

१३. म ग्लोवल कलेज नजिक दिदीको कोठामा फेसबूक चलाएर बसी रहेको अवस्थामा मिति २०७१।२।२९ गते प्रहरीले मलाई पक्राउ गरेको हो । दिदीको कोठा ममीले देखाई दिनु भएको रहेछ । उहालाई यस्तो केश हो भन्ने थाह रहेनछ । बिमल कार्की र सुशिल कडरियालाई मैले चिनेको छैन । सुन लुट्ने योजनाका बारेमा मैले कसैसँग कुराकानी भएको छैन । मलाई सोधपुछका लागि भनी पक्राउ गरीएको हो, म निर्दोष छु भन्ने समेत व्यहोराको प्रतिवादी मुन तामाङले यस कार्यालयमा गरेको वयान ।

१४. प्रतिवादी सुशिल कडरिया, बिमल कार्की तथा मुन तामाङ समेतले कसूर नगरेको, वरामदी मुचुल्कामा उल्लेखित पेस्तोल र सो को म्याग्जिन आफुहरुबाट वरामद भएको होइन भनी यस कार्यालयमा इन्कारी वयान गरेको भएता पनि मिसिल संलग्न वरामदी मुचुल्का, अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान, बुझिएका मानिसहरु उद्धवबहादुर खड्का समेतले गरी दिएको कागज समेतका तत्काल प्राप्त कागज प्रमाणहरुबाट यी प्रतिवादीहरु बिमल कार्की, सुशिल कडरिया र मुन तामाङसमेतको आपसी सरसल्लाह र मिलोमतो र संलग्नतामा विना इजाजत पेस्तोल र सोको म्याग्जिन आफुहरुसँग राखी साथमा लिई हिड्ने कार्य गरेका होइनन् भन्न सक्ने अवस्था अहिले नै नदेखिदा पछि बुझ्दै जादा ठहरे बमोजिम हुने गरी हाललाई मुलुकी ऐन, अ.बं.११८ को देहाय ५ बमोजिम प्रतिवादी मुन तामाङबाट रु ६०,०००।- (साठी हजार) र प्रतिवादी सुशिल कडरिया र बिमल कार्कीबाट जनही रु १,०००००।- ( एक लाख ) धरौटी नगदै वा सो वरावरको

जेथा जमानत लिई तारेखमा राख्नु, दिन नसके सोही नं.को देहाय ८ नं.बमोजिम थुनामा राखी पूर्पक्ष गर्नु भन्ने यस कार्यालयको मिति २०७१।३।१५ को आदेश बमोजिम प्रतिवादी बिमल कार्की र सुशिल कडरियाले सोही दिन र प्रतिवादी मुन तामाङले २०७१।४।११ मा नगदै धरौटी राखी तारेखमा बसेका रहेछन् ।

१५. उक्त वारदातका समयमा म आफ्नै घरमा थिएँ । सो सम्वन्धमा मलाई कुनै जानकारी छैन । मबाट हतियार वरामद भएको पनि छैन । मैले कुनै योजना बनाएको पनि छैन । अभियोग-पत्रमा किन कसरी मेरो नाम उल्लेख भएको हो केही थाह छैन । प्रतिवादी बिमल कार्की पनि खेलाडी भएकाले सो विषयमा फोनमा सामान्य कुराकानी भएको थियो भन्ने समेत व्यहोराको प्रतिवादी देवजंग पण्डितले यस कार्यालयबाट जारी भएको म्यादमा यस कार्यालयमा उपस्थित भई कार्यालयमा गरेको वयान ।

१६. प्रतिवादी देवजंग पण्डितले यस कार्यालय समक्षको वयानमा कसूरमा इन्कार रही वयान गरेता पनि यी प्रतिवादीले प्रतिवादी बिमल कार्कीसँग वारम्वार फोन सम्पर्क गरेको भन्ने मिसिल संलग्न कागजातहरु र Call Detail Report वाट देखिनुका साथै अभियोग-पत्रमा स्पष्ट रुपमा वारदातमा निजको संलग्नता भएको भनी खुली आएका तत्काल प्राप्त प्रमाणहरुका आधारमा यी प्रतिवादी देवजंग पण्डित कसुरदार होइनन् भन्ने विश्वास गर्ने मनासिव आधार नदेखिएकाले पछि प्रमाण बुझ्दै जादा ठहरे बमोजिम हुने गरी हाललाई मु.ऐ., अ.वं.११८ को देहाय ५ र १० बमोजिम रु ६०,०००।- (साठी हजार) नगदै वा सो वरावरको जेथा जमानत माँग गर्नु । जमानत दिए तारिखमा राख्नु, दिन नसके नियमानुसार सीधा पाउने गरी थुनामा राख्न कारागारमा लेखी पठाउनु भन्ने समेत व्यहोराको यस कार्यालयको मिति २०७१।४।२२ को आदेश बमोजिम निज प्रतिवादी देवजंग पण्डितले नगदै धरौटी राखी तारेखमा बसेका रहेछन् ।

१७. निज बिमल कार्की म सँगै स्कूलमा पढेको हो र हालसम्म पनि राम्रो चिनजान छ । निज त्यस्तो हातहतियार बोकेर हिड्ने खालका व्यक्ति होइनन् । के कारणले त्यस्तो मुद्दामा पर्‍यो, थाह छैन । निज पहिले देखि हालसम्म सुशिल, शान्त र अति मिलनसार व्यक्ति हुन् । निजले त्यस्तो अवैध हातहतियार बोकेर हिड्ने मान्छे होइनन् र थिएनन् । उनिलाई त्यस्तो सजाय हुनु पर्ने होइन । निज गाउघरमा साथीभाई छर छिमेकमा राम्रो असल चरित्र भएका मान्छे हुन् भन्ने समेत व्यहोराको प्रतिवादी बिमल कार्कीका साक्षी ओमकुमार थापाले यस कार्यालयमा गरेको वकपत्र ।

१८. प्रतिवादी सुशिल कडरियालाई म राम्ररी चिन्दछु । निजको साथबाट हातहतियार खरखजाना भेटिएको भनी मुचुल्का रहेछ । तर उनी विद्यार्थी हुन् । उनले हालसम्म त्यस्तो हातहतियार खरखजाना बोकेर हिड्ने गरेको भन्ने व्यहोरा नहुनु पर्ने हो । उनी त्यस्ता खालका मानिस होइनन् । जेहेन्दार विद्यार्थी भएकाले त्यस्तो अवैधानिक कार्य हालसम्म गरेको भन्ने मेरो जानकारीमा छैन र उनी त्यस्तो मानिस होइनन् । निज आफै विद्यार्थी भएको र कलेज पढ्ने विद्यार्थीले त्यस्तो गर्न सक्दैन । निजलाई उल्लेखित बमोजिमको अभियोग लाग्नु पर्ने जस्तो मलाई लग्दैन र सजाय पनि नहुनु पर्ने हो । निज हालसम्म शालिन र राम्रो चरित्र भएका मान्छे हुन् । निजले त्यस्तो कुनै अपराध गरे जस्तो मलाई विश्वास लाग्दैन र उमेरले समेत कच्चा मान्छे हुन् भन्ने समेत व्यहोराको प्रतिवादी सुशिल कडरियाका साक्षी सुदिप दाहालले यस कार्यालयमा गरेको वकपत्र ।

१९. निज मुन तामाङसँग विगत ८ वर्ष देखि एउटै घरमा डेरा गरी बस्छौं । मैले निजका नाममा लगाइएको अभियोग सुनें तर उनीसँग लामो समय देखि संगै बस्दै आएकाले उनको बानी

मलाई थाह छ । उनी त्यस्तो हातहतियार खरखजाना बोक्ने मान्छे होइनन् । के कसरी त्यस्तो अभियोग लाग्यो, आश्चर्य लाग्यो । निज मसँग चिनजान भएदेखि हालसम्म राम्रो, मिलनसार र सहयोगी मान्छे हुन् । उनले त्यस्तो गर्न सक्दैनन्, परिवन्दमा परेको हुनसक्छ । निजको चालचलन हालसम्म राम्रो असल र सहयोगी भावनाका मान्छे हुन् । उनीलाई सजाय नहुनु पर्ने हो भन्ने समेत व्यहोराको प्रतिवादी मुन तामाङका साक्षी सुरज श्रेष्ठले यस कार्यालयमा गरेको वकपत्र ।

२०. देवजंग पण्डितले हालसम्म त्यस्तो कुनै हातहतियार बोकेर लिएर हिडेका वा हिड्ने खालका मान्छे होइनन् । के कसरी निजलाई यस्तो अभियोग लाग्यो म त आश्चर्यमा परें । निज देवजंग पण्डितले त्यस्तो हतियार बोक्ने गरेको मैले हालसम्म देखेको र जानेको पनि छैन । अभियोग लागे पनि निज निरापराध व्यक्ति हुन् र गाँउ समाज छरछिमेकमा रहँदा बस्दा हामी सबैसँग राम्रो सम्वन्ध राख्दछन् र उनीले त्यस्तो कार्य गर्दैनन् भन्ने कुरा विश्वास लाग्छ । निजको हालसम्म राम्रो चरित्र असल स्वभाव छ । अभियोग बमोजिम सजाय नपाउनु पर्ने मान्छे हुन् भन्ने समेत व्यहोराको प्रतिवादी देवजंग पण्डितका साक्षी अर्जुन खड्काले यस कार्यालयमा गरेको वकपत्र ।

२१. वकपत्रका लागि साक्षीहरु उपस्थित गराउन २ पटकसम्म पत्राचार गर्दा तोकिएको तारेखमा कुनै साक्षीहरु उपस्थित नभएकाले अ.बं. ११५ नं. बमोजिम म्याद जारी गर्दासमेत वादी नेपाल सरकारकाका साक्षीहरु उपस्थित नभएको देखियो ।

## <u>7x/ v08</u>

२२. नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचिमा चढी निर्णयार्थ इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०७१।०२।२०गते राती अं.२२:०० वजेको समयमा काठमाण्डौ जिल्ला, का.म.न.पा.वडा नं.३५ पेप्सीकोला स्थित मूल सडकमा सुशिल कडरीयाले चलाएको बा.५३प.५४२६ नं.को मोटरसाईकल रोकी चेकजाँच गर्दा निज सुशिल कडरीयाले बोकेको झोलाबाट Only for Army Supply लेखिएको पेस्तोल थान-१, ऐ.को म्याग्जिन थान-१, च्यासिस नं. MD2A36FZ8CCG25329 ईन्जिन नं.JLZCCG25491 भएको बा.५३प.५४२६ नं.को मोटरसाईकल थान-१, निजले लगाएको पाईन्टको बाँया गोजीबाट ९८४३६९५५३६ नं.को सिम प्रयोग भएको LG कम्पनीको मोवाईल सेट थान-१, सोही मोटरसाईकल पछाडि सवार बिमल कार्कीको साथबाट निलो कालो रङ्गको माईक्रो मैक्स मोवाईल थान-१, D5130 Bluetooth लेखिएको मोवाईल सेट थान-१ र निजको पछाडी पकेटबाट केही नभएको कालो पर्स थान-१ समेत वरामद भएको भन्ने खानतलासी वरामदी मुचुल्का भई सो मुचुल्काको रोहवरमा यी प्रतिवादी सुशिल कडरिया र बिमल कार्कीले सहीछाप गरेको र सो पेस्तोल तथा म्याग्जिन ल्याउने लैजाने कार्यमा प्रतिवादीहरु मुन तामाङ र देवजंग पण्डितको समेत संलग्नता पुष्टि भएकाले प्रतिवादीहरु सुशिल कडरिया, बिमल कार्की, मुन तामाङ र देवजंग पण्डितलाई **हातहतियार खरखजाना ऐन**, २०१९ को दफा ३(२) बमोजिमको कसूर अपराधमा सोही ऐनको दफा २०(२) बमोजिम सजाँय गरी वरामद पेस्तोल तथा म्याग्जिन ऐ.दफा १६ बमोजिम जफत गरी पाउँ भन्ने अभियोग दावी रहेछ ।

२३. यसमा यी प्रतिवादीहरुले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन् होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाँय हुने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

२४. मिसिल संलग्न कागजातरु अध्ययन गरी प्रतिवादी देवजंग पण्डितका तर्फबाट उपस्थित विद्वान अधिवक्ता युवककुमार गौतम, प्रतिवादी बिमल कार्कीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्धय आइबहादुर गुरुङ र रत्नकुमार खरेल, प्रतिवादीहरु मुन तामाङ र सुशिल कडरियाका तर्फबाट विद्धान अधिवक्ताद्धय इश्वरीप्रसाद सापकोटा र केदार उप्रेतीले गर्नु भएको वहस जिकिर सुनी अब निर्णयतर्फ बिचार गर्दा मिति २०७१।०२।२० गते राती अं.२२:०० वजेको समयमा काठमाण्डौ जिल्ला, का.म.न.पा.वडा नं. ३५ पेप्सीकोला स्थित मूल सडकमा सुशिल कडरीयाले चलाएको बा.५३प. ५४२६ नं.को मोटरसाईकल रोकी चेकजाँच गर्दा निज सुसिल कडरीयाले पिठ्यूँमा बोकेको झोलाबाट Only for Army Supply लेखिएको पेस्तोल थान-१, ऐ.को म्यागिजन थान-१, च्यासिस नं.MD2A36FZ8CCG25329, ईन्जिन नं.JLZCCG25491 भएको बा.५३प.५४२६ नं.को मोटरसाईकल थान-१, निजले लगाएको पाईन्टको बाँया गोजीबाट ९८४३६९५५३६ नं.को सिम प्रयोग भएको LG कम्पनीको मोवाईल सेट थान-१, सोही मोटरसाईकल पछाडि सवार बिमल कार्कीको साथबाट निलो कालो रङ्गको माईक्रो मैक्स मोवाईल थान-१, D5130 Bluetooth लेखिएको मोवाईल सेट थान-१ र निजको पछाडी पकेटबाट केही नभएको कालो पर्स थान-१ समेत वरामद भएको भन्ने खानतलाशी वरामदी मुचुल्का भई सो को रोहवरमा प्रतिवादीहरु सुशिल कडरिया र बिमल कार्कीले औंठाछाप( ल्याप्चे) लगाई प्र.सुशिलले हस्ताक्षारसमेत गरेको देखियो ।

२५. अनुसन्धानका क्रममा सुशिल कडरियाले *एलिन खड्का, विक्रम बस्नेत, मुन लामा र बिमल साथी हौं । एलिश खड्काको माध्यमबाट हरिश भन्ने व्यक्तिसँग चिनजान भएको एक हप्ता पछि हरिश भन्नेले ल्हासाबाट सुन आँउदैछ, लुट्न सक्ने केटाहरु खोजी गर भन्दा म लुट्न जान्न केटाहरु खोजी दिन्छु भनी फर्किएर आएँ । मुन लामा र बिमललाई सोही कुरा बताएँ । बिमल कार्कीले प्रताप भन्नेसँग घोडा (हतियार) छ, लिन बोलाएको छ भनी हामी दुबै जनाबीच सल्लाह भई वा५३प ५४२६ नं.को मोटरसाइकलमा बिमललाई पछाडी राखी काँडाघारी गयौं । बिमल भित्र गई झोलामा हतियार लिई आयो र मैले उक्त झोला पिठ्युँमा बोकी मोटरसाइकल चलाई हरिश भन्नेलाई पुऱ्याउन मिति २०७०।२।२० गते बेलुकापख जादै गर्दा पेप्सीकोलामा सशस्त्र प्रहरी समेतको चेकिङ टोलीले नियन्त्रणमा लिई चेकजाँच गरी मैले बोकेको झोलाबाट हतियार वरामद गरी पक्राउ गरेका हुन् । वरामद हतियार खासाबाट आउने सुन लुट्ने उद्धेश्यले ल्याएको हौं । यसभन्दा पहिले लुटपाट गरेका छैनौं । गोलीको वारेमा प्रताप भन्नेलाई नै थाह होला* भनी वयान गरी यस कार्यालयमा वयान गर्दा *वरामदी मुचुल्कामा भएको सहीछाप र अनुसन्धान अधिकारी समक्ष गरेको वयान समेत प्रहरीले कुटपीट डर धम्की दिई आफु खुसी लेखिएको कागजमा जवरजस्ती सहीछाप गराएको हो । सही मेरो भए पनि व्यहोरा मेरो होइन । मबाट कुनै पेस्तोल र म्यागिजन वरामद भएको छैन । हरिश भन्ने व्यक्तिले मेरो कोठामा कालो रंगको झोला राखेका थिए । प्रहरी आई उक्त झोला र मलाई समेत कोठाबाट नै पक्राउ गरी लगेको हो । मलाई पक्राउ गरी लगे पछि सोही दिन मेरो घर बाहिर रहेको मोटरसाइकल समेत प्रहरीले लिई गएको हो । प्रतिवादी बिमल कार्की र मुन तामाङलाई मैले यस अगाडी चिन्दिन । पक्राउ परी आएपछि मात्र चिनजान भएको* भनी कसुरमा इन्कार रहेको देखियो ।

२६. अर्का प्रतिवादी बिमल कार्कीले *सुशिल कडरिया मेरो साथी हुन् । एक हप्ता अगाडि सुशिल म भेट भई कुरा हुदा चाइनाबाट सुन आउछ अरु साथीलाई भनी सकेको छु, हामीले सल्लाह योजना बनाई सुन लुट्नु पर्छ त्यसको लागि एउटा घोडा (पेस्तोल)* चाहियो जे जसरी हुन्छ मिलाउ *भन्दा मैले चिनेको प्रताप दाईसँग सम्पर्क गरी एउटा हतियार मिलाई दिनु पऱ्यो भन्दा वेलुका तिर सम्पर्क गर्नु भनी वेलुका काँडाघारी* फोर्सपार्क नजिकै भेटी प्रतापले १ थान पेस्तोल दिए । *त्यहिवेला सुशिल कडरिया म सँगै थिए र सो पेस्तोल सुशिल कडरियालाई दिएं । हामी दुवैजना उक्त नम्वरको वाइकमा चढी पेप्सीकोलामा आई सुशिल कडरियाले उक्त पेस्तोल साथीलाई पुऱ्याउन जानेक्रममा प्रहरीले पक्राउ गरी वरामद गरेको हो । पेस्तोल प्रतापले दिएका हुन्, उनले उक्त पेस्तोल कहाबाट ल्याए थाह भएन । पेस्तोल ल्हासाबाट आउने सुन लुट्ने प्रयोजनको लागि व्यवस्था गरेका हौं । गोली व्यवस्था हुन सकेन । हतियार कंही कतै प्रयोग भएको छैन भनी वयान गरेका रहेछन् । प्रतिवादी मुन तामाङले उल्लेखित प्रतिवादीहरु मेरा साथी हुन् । पक्राउ पर्नु भन्दा एक हप्ता अगाडि खासाबाट सुन आउदैछ, लुट्नु पर्छ भनी सुशिल कडरियाले मलाई भनेका थिए । मैले हुन्छ तर हतियार छैन, यसवारे हरिश, बिमल,म तिमी बाहेक अन्य कसैलाई थाह छैन, गोप्य राख्नु पर्छ । हामी चारै जना मिली लुट्नु पर्छ भनी सुशिल कडरियाले भन्यो र हतियारको व्यवस्थामा लाग्यो । मिति २०७०।२।२० गते बेलुका सुशिलले फोन गरी म र बिमल हतियार लिन जादैछौं, हतियार हरिषसँग छ भनेपछि म आउन सक्दिन भोली भेटौला भनी फोन राखे । सोही राती पेप्सीकोलाबाट हतियार सहित साथी सुशिल र बिमल पक्राउ परेको थाह पाएँ । हतियार लिन म गएको थिइन । सुन लुट्ने योजना सल्लाहमा बिमल सुशिल र म मात्र थियौं । हरिश भन्ने व्यक्तिलाई चिन्दिन । यस योजनामा को को संलग्न थिए, सुशिल कडरियालाई नै थाह होला* भनी अनुसन्धानको क्रममा वयान गरी यस कार्यालयमा *वरामदी मुचुल्कामा भएको सहीछाप र अनुसन्धान अधिकारी समक्ष गरेको वयान समेत प्रहरीले कुटपिट डर धम्की दिई आफु खुसी लेखिएको कागजमा जवरजस्ती गराएको हो सही मेरो भए पनि व्यहोरा मेरो होइन । उक्त मुचुल्कामा उल्लेखित सुशिल कडरिया, मुन तामाङ र प्रताप भन्ने व्यक्तिहरुलाई म चिन्दिन । उक्त मोटरसाइकलमा म सवार समेत थिइन । अतयव उक्त वरामदी मुचुल्काको व्यहोरा झुट्ठा हो । हतियारको विषयमा मलाई कुनै जानकारी र थाह छैन* भनी इन्कारी वयान गरेका रहेछन् ।

२७. त्यसैगरी प्रतिवादी मुन तामाङ्गले अनुसन्धानको क्रममा *सुशिल र बिमल पक्राउ पर्नु भन्दा १ हप्ता अगाडी खासाबाट सुन लिई आउने व्यक्तिलाई लुट्नु पर्छ, धेरै पैसा आउँछ, हतियारको व्यवस्था मिलाउनु पऱ्यो भनी सुसिल कडरीयाले मलाई भनेको थियो, मैले हुन्छ तर मसँग हतियार छैन, यस बारेमा अन्य को कसलाई थाह छ त भनी सोध्दा हरिश, बिमल कार्की, तिमी र म वाहेक अन्य कसैलाई भनेको छैन, कुरा गोप्य राख्नु पर्छ, हामी चारै जना भई लुट्नु पर्छ भनी सुसिल कडरीयाले भन्यो, मैले हुन्छ भनी त्यहाँबाट हतियार व्यवस्था गर्न तिर लाग्यौं, मिति २०७१।०२।२० गते राती अं.२०:३० अथवा २१:०० वजे तिर सुसिल कडरीयाले मलाई फोन गरी म र बिमल कार्की हतियार लिन जादैछौं, हतियार हरिशसँग छ भनी भनेको थियो, म अहिले आउन सक्दिन, कोठामा आईसकें, भोली विहान भेटौंला भनी फोन राखें, सोही राती अं.२२:०० वजे तिर का.म.पा.३५ पेप्सीकोला स्थित प्रहरीको चेकिङ्गमा हतियार सहित बिमल कार्की र सुसिल कडरीया पक्राउ परेको कुरा थाह पाएँ, म पनि पक्राउ पर्ने डरले बाँच्नलाई भागी हिंडेको थिएँ, मिति २०७१।०२।३० गतेका दिन म पनि पक्राउ*

*परेको हुँ, हतियार लिन म गएको थिइन, सुन लुट्ने योजना सल्लाहमा बिमल कार्की, सुसिल कडरीया र म मात्रै थियौं, यस योजनामा हामी तीन जना बाहेक अन्य को कसको योजना सल्लाह संलग्नता थियो सुसिल कडरीयालाई नै थाह होला* भनी कसुरमा सावित रही वयान गरी यस कार्यालयमा *बिमल कार्की र सुशिल कडरियालाई मैले चिनेको छैन । सुन लुट्ने योजनाका बारेमा मैले कसैसँग कुराकानी भएको छैन । मलाई सोधपुछका लागि भनी पक्राउ गरीएको हो, म निर्दोष छु* भनी इन्कारी वयान गरेको देखियो ।

२८. तत्काल पक्राउमा नपरी यस कार्यालयबाट जारी भएको म्यादमा उपस्थित भएका प्रतिवादी देवजंग पण्डितले यस कार्यालयमा वयान गर्दा *हतियार सम्वन्धमा मलाई कुनै जानकारी छैन । मबाट हतियार वरामद भएको पनि छैन । मैले कुनै योजना बनाएको पनि छैन । अभियोग-पत्रमा किन कसरी मेरो नाम उल्लेख भएको हो केही थाह छैन । प्रतिवादी बिमल कार्की पनि खेलाडी भएकाले सो विषयमा फोनमा सामान्य कुराकानी भएको थियो* भनी कसुरमा इन्कार रही वयान गरेका छन् ।

२९. वरामद भएको चिजवस्तु Local made (Home Made) pistol through which 7.65mm callibre pistol cartridges can be fired . Its action mechanism is in working order. Its barrel showed sign of discharge (fire) on chemical examination of fouling material found inside the barrel, however, the date and time of firing can not be ascertained with scientific accuracy भन्ने व्यहोराको हतियार परीक्षण प्रतिवेदन मिसिल संलग्न रहेबाट वरामदित चिजवस्तु हातहतियार भएको तथ्यमा कुनै विवाद रहेन ।

३०. प्रतिवादीहरु सुशिल कडरिया र बिमल कार्कीले अनुसन्धानको क्रममा कसुरमा सावित रही यस कार्यालयमा अनुसन्धानको क्रममा भएको खानतलाशी वरामदी मुचुल्का र वयानलाई *प्रहरीले कुटपिट डर धम्की दिई आफु खुसी लेखिएको कागजमा जवरजस्ती गराएको हो* भनी जिकिर लिएका र प्रतिवादी मुन तामाङ्गले पनि अनुसन्धानको क्रममा हातहतियार लिई सुन लुट्ने भन्ने योजनामा आफ्नो संलग्नता रहेको भनी सावित रही यस कार्यालयमा *बिमल कार्की र सुशिल कडरियालाई मैले चिनेको छैन । सुन लुट्ने योजनाका बारेमा मैले कसैसँग कुराकानी भएको छैन । मलाई सोधपुछका लागि भनी पक्राउ गरीएको हो, म निर्दोष छु* भनी जिकिर लिएता पनि अनुसन्धानका क्रममा अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान प्रमाणमा लिन मिल्ने नमिल्ने सम्बन्धमा प्रमाण ऐन, २०३१ को दफा ९ मा स्पष्ट व्यवस्था गरिएको छ । जस अनुसार ऐ दफा ९. **पक्षले व्यक्त गरेको कुरा : (१) मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ । (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि : (क) फौज्दारी मुद्दामा कुनै अभियुक्तले निजलाई लगाइएको अभियोगको सम्वन्धमा अदालत बाहेक अन्यत्र व्यक्त गरेको कुरा अदालतले देहाय बमोजिम ठहराएमा प्रमाण लिन हुन्छ :**
**(१) सो कुरा व्यक्त गर्दा अभियुक्त सचेत अवस्थामा र आफूले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा थियो ।**

(२) निजलाई बाध्य गरी वा निज वा अरु कसैलाई यातना दिई वा यातना दिने धम्की दिई वा निजलाई आफ्नो इच्छा विरुद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गरेको होइन ।
(३) सो अभियोग बारे कुनै सार्वजनिक अधिकारीले गर्ने कारवाईको सम्वन्धमा यस्तो धम्की वा विश्वास पर्ने आश्वासन दिएको थिएन जसबाट निजले सो कुरा असत्य रुपमा व्यक्त गर्ने सम्भावना थियो र जुन धम्की वा आश्वासन कार्यान्वित गर्न सक्ने अधिकार र शक्ति सो अधिकारीलाई थियो भन्ने कुरा निजले युक्तिसंगत रुपमा विश्वास गरेको थियो ।

३१. तसर्थ, अनुसन्धानको क्रममा बयान गर्दा अभियुक्तहरु सचेत अवस्थामा र आफूहरुले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा नरहेका वा निजहरुलाई बाध्य गरी वा निजहरु वा अरु कसैलाई यातना दिई वा यातना दिने धम्की दिई वा निजलाई आफ्नो इच्छा विरुद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गरेको वा कुनै डरत्रास, धाकधम्की, प्रलोभन दिइएको भन्ने कुनै प्रमाण मिसिलमा नदेखिदा प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम अनुसन्धानका क्रममा भएको प्रतिवादीहरुको साविती वयानलाई निजहरुकै विरुद्ध प्रमाण लिन मिल्ने नै देखियो । त्यसैगरी **प्रहरीले प्रतिवादीलाई कुटपीट गरी बयान गराएको भन्ने कुरा पुष्टि हुने प्रमाण मिसिलबाट नदेखिएको अवस्थामा अदालतमा बयान गर्दा प्रहरीले कुटपीट गरी यातना दिएको भन्ने अपुष्ट भनाईको आधारमा सरकारी वकिल समक्ष गरेको प्रतिवादीको बयानलाइ अन्यथा भन्न नमिल्ने** भनी सम्मानित सर्वोच्च अदालतबाट नजिर प्रतिपादन समेत भएको छ (ने.का.प. २०६५, अंक-३, पृ.३२६) । अतः प्रहरीले कुटपीट गरी साविती बयान गराएको भन्ने प्रतिवादीहरुको जिकिरसँग सहमत हुन सकिएन ।

३२. सुशिल कडरियाका साक्षी सुदिप दाहाल, बिमल कार्कीका साक्षी ओमकुमार थापा, मुन तामाङका साक्षी सुरज श्रेष्ठले आ-आफ्ना पक्षहरुले हातहतियार खरखजाना लिने, बोकी हिड्ने कार्य गर्ने गरेको थाह छैन । चालचलन राम्रो रहेकोले सजाय नहुनु पर्ने हो भनी करिव एकै मिलानको वकपत्र गरेको भएता पनि साक्षीहरुको वकपत्र प्रत्यक्ष रुपमा देखेको नभई सुनी थाह पाएको (Hear Say Evidence) भएकाले प्रमाण ग्राह्य भएन ।

३३. प्रतिवादीहरु सुशिल कडरिया र बिमल कार्कीले यस कार्यालयमा बयान गर्दा आफ्नो साथबाट पेस्तोल वरामद नभएको तथा प्रतिवादी मुन तामाङ्गले हतियार ल्याउने, राख्ने, बोक्ने कार्यमा आफ्नो संलग्नता नभएकोले आफुलाई सजाँय हुनु नपर्ने भनी कसुमा इन्कार रहेता पनि **अदालत समक्ष इन्कार रहदैमा सफाई पाउने भन्ने हुदैन । अधिकार प्राप्त अधिकारी समक्षको बयानलाई समर्थन गर्ने अन्य तथ्यहरु छन् भने ती तथ्यहरु लाई घटनाको समग्रतासँग जोडेर हेर्नुपर्ने** भनी सम्मानित सर्वोच्च अदालतबाट बोलिएको पाइन्छ (ने.का.प. २०६६, श्रावण, पृ.५४९) । कुनै विश्वसनीय प्रमाण बिनाको इन्कारी बयानको कुनै अर्थ र प्रामाणिक महत्व रहेन । तसर्थ, प्रतिवादी सुसिल कडरीयाले पिठ्यूँमा बोकेको झोलाबाट Only for Army Supply लेखिएको पेस्तोल थान-१, ऐ.को म्यागिजन थान-१, वरामद भएको र सो हातहतियार ल्याउने, बोक्ने र राख्ने कार्यमा बिमल कार्की र मुन तामाङ्गको संलग्नता रहेको तथ्य स्थापित हुन आयो । प्रतिवादीहरुले आफुहरु निर्दोष रहेको भनी लिएको जिकिर स्वतन्त्र प्रमाणहरुबाट पुष्टि हुन सकेन ।

३४. अभियोग माग दावी लिइएको हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) को प्रावधान हेर्दा *लाइसेन्स नलिई वा लाइसेन्समा तोकिएको शर्त बन्देजमा नरही कुनै व्यक्तिले हातहतियार वा खरखजाना बनाउन, मरम्मत गर्न, आफूसाथ राख्न वा अन्य स्थानमा राख्न वाराख्न लगाउन, एक रुपबाट अर्को रुपमा परिणत गर्न वा बेच्न वा बिक्रीको लागि दिन, राख्न समेत हुँदैन* भन्ने उल्लेख भएको देखिन्छ भने सजाँयका लागि दावी लिइएको ऐ. दफा २०(२) को प्रावधान हेर्दा *देहायको कसूर गर्ने व्यक्तिलाई ३ वर्षदेखि ५ वर्षसम्म कैदै वा साठी हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ :-*
*(क) दफा ३ को उपदफा (२) को बर्खिलाप हातहतियार तयार गर्ने वा मरमत गर्ने, आफूसाथ राख्ने वा अन्य स्थानमा राख्ने वा राख्न लगाउने, एक रुपबाट अर्को रुपमा परिणत गर्ने, बेच्ने वा बिक्रीको लागि दिने वा राख्ने* भन्ने उल्लेख छ । तसर्थ माथि विवेचना गरिएको खानतलासी वरामदी मुचुल्का, प्रतिवादीहरुले अनुसन्धानका क्रममा अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान, हतियार परीक्षण प्रतिवेदन समेतका मिसिल संलग्न प्रमाण कागजका आधारमा यी प्रतिवादीहरु सुशिल कडरिया, बिमल कार्की र मुन तामाङले आफुसाथ विना इजाजत हातहतियार खरखजाना साथमा लिई बोकी हिडी सो कार्यमा संलग्न भई हातहतियार ऐन, २०१९ को दफा ३(२) विपरितको कसूर गरेको ठहर्छ । सो ठहर्नाले सजाँय तर्फ बिचार गर्दा निज प्रतिवादीहरु यस कार्यालयको मिति २०७१।३।१५ गतेको आदेश अनुसार नगद धरौट राखी तारेखमा बसेका, यस अगाडि कुनै फौजदारी कसूरमा सजाय पाएको भन्ने नदेखिएको, १७ वर्ष देखि २२ वर्ष उमेर बीचका अपरिपक्व उमेरका पढ्ने विद्यार्थी देखिएका, प्रतिवादीहरुको उमेरका कारण निजहरुले गरेको कसूर बाल-बिज्याँई ( Juvenile Delinquency) भन्न नमिलेता पनि सो सँग तुलनायोग्य देखिएकोले कैदको सजाय गर्दा चर्को पर्न जाने र पछि भविष्यमा समेत केहि निश्चित नागरिक अधिकारहरुको उपभोगमा अवरोध आउन सक्ने सम्भावना समेत हुने भएकोले निज प्रतिवादीहरुलाई ऐ.दफा २०(२) बमोजिम जनही रु ६०,०००।-(साठी हजार रुपैयाँ) जरिवाना हुन्छ । वरामद भई आएको पेस्तोल ऐं दफा १६ बमोजिम जफत हुन्छ । दशिको रुपमा अभियोग-पत्रसाथ पेश भएको वा ५३ प ५४२६ नं.को मोटरसाइकल वारदातमा वारदातमा प्रयोग भएता पनि सम्वन्धित सवारी धनिको वारदातमा कुनै संलग्नता नभएको, धनिलाई कुनै जानकारी नभएको देखिदा फिर्ता पाउँ भनी सम्वन्धित धनिले निवेदन दिए फिर्ता पाउने ठहर्छ ।

३५. अव प्रतिवादी देवजंग पण्डितका हकमा विचार गर्दा निज प्रतिवादीले यस कार्यालय समक्ष कसूरमा इन्कार रही वयान गरेका, अन्य प्रतिवादीहरुको वयानमा समेत निजको कसूरमा संलग्नता नदेखिएको । निजले यस्तो कसूर गरेको भन्ने स्पष्ट अभियोग समेत अभियोग-पत्रमा उल्लेख नभएको । निजको साक्षीले यस कार्यालयमा उपस्थित भई गरेको वकपत्रमा आफुहरु एउटै कोठामा बस्ने गरेको र निज निर्दोष रहेको भनी खुलाएको देखिदा निज उपरको अभियोग स्वतन्त्र प्रमाणहरुबाट पुष्टि हुन सकेन । त्यसर्थ निज प्रतिवादी देवजंग पण्डितले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ । । अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मु.ऐ.अ.बं. १८६ नं. बमोजिम फैसला गरी दिएँ ।

## tk;Ln

- प्रतिवादीहरु सुशिल कडरिया, बिमल कार्की र मुन तामाङ के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजहरुलाई जनही रु. ६०,०००/-( साठी हजार रुपैयाँ ) जरिवाना हुने ठहरेकोले निजहरुलाई ठहरेको जरिवाना मू.ऐ.अ.वं.१२० तथा दण्डसजायको महलको ५३ नं.

बमोजिम गरी निजहरुले राखेको धरौटीबाट असूल उपर गर्नु, बाँकी धरौटी रकम फिर्ता पाउनेले ऐनका म्याद भित्र निवेदन दिए नियमानुसार फिर्ता दिनु...............................१

- प्रतिवादी देवजंग पण्डित के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजले अभियोग दावीबाट सफाई पाउने ठहरेकाले निजले मिति २०७१।४।२२ मा राखेको धरौटी रकम रु ६०,०००।-(साठी हजार रुपैयाँ) फिर्ता पाँउ भनी प्रस्तुत मुद्दा अन्तिम किनारा भए पछि वा पुनरावेदन म्याद नाघे पछि ऐनका म्याद भित्र निवेदन दिए नियमानुसार फिर्ता दिनु .......२
- वरामद भई दशीको रुपमा अभियोग पत्रसाथ पेश भएको वा ५३ प ५४२६ नं.को मोटरसाइकल फिर्ता पाउँ भनी सम्वन्धित धनिले निवेदन दिए अड्डाले खोजेका बखत फिर्ता ल्याउने कागज भरपाई गरी फिर्ता दिनु.......................................................३
- वरामद पेस्तोल र म्यागिजन जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु........................४
- प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीहरु सुशिल कडरिया, बिमल कार्की र मुन तामाङलाई र जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौंलाई फैसलाको जानकारी सहित पुनरावेदन म्याद दिनू...........................................................................................५
- सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू.........................................................................................६
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल पुनरावेदन अदालत पाटनमा पठाई दिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू .......................७

..................................
( एकनारायण अर्याल )
प्रमुख जिल्ला अधिकारी

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा/ना.सु.भुवराज घिमिरे
प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

इति सम्वत् २०७२ साल अषाढ २३ गते रोज ४ शुभम् ......................